# दुई शब्द



पराशर ऋषिको तपोभूमि तथा व्यास ऋषिको जन्मभूमि दमौली तनहुँ जिल्लाको सदरमुकाम हो । नेपाल सरकारको निर्णय अनुसार २०४८ साल चैत्र ३० गते घोषणा भई गठन भएको यो नगरपालिका हालसम्म आइपुग्दा २४ औं बसन्तपार गरिसकेको भएतापनि नगरका मुख्य पूर्वाधार स्यानिटरी ल्याण्डफिल साइट, बसपार्क र बधस्थल जस्ता महत्वपूर्ण भौतिक संरचनाहरुको अभावका कारण नगरवासीहरुलाई समस्या भइरहेको सन्दर्भमा यस व्यास १ करङकाठमा निर्माण भएको बसपार्कले यस नगरका सार्वजनिक यातायातका साधनहरुलाई सुरक्षित एवं व्यवस्थित पार्किङ गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अतः यस महत्वपूर्ण कार्यको उद्घाटन गर्न माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू आफ्नो व्यस्त समयका बावजुद यस नगरपालिकाको बसपार्क उद्घाटन कार्यक्रमलाई समय दिई पाल्नु भएकोमा सम्पूर्ण नगरवासीहरुको तर्फबाट आभार व्यक्त गर्दछौ । साथै नगरपालिकाले हालसम्म गरेका प्रयासहरु, गर्न बनाइएका योजनाहरु र परेका समस्याहरु सहितको परिदृष्य माननीय मन्त्रीज्यू समक्ष चढाउन पाउँदा अत्यन्त खुशी व्यक्त गर्दछु ।

......................

डिल्लीराम सिग्देल

प्रमुख एवं कार्यकारी अधिकृत

# व्यास नगरपालिकाको परिदृश्य

सेती र मादी नदीको पवित्र संगम तटमा अवस्थित महर्षि वेद व्यास र पराशरको तपोभूमी तथा कर्मक्षेत्र रहेको यस व्यास नगरपालिका देशमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् दमौली गा.वि.स. र स्याम्घा गा.वि.स.को केही क्षेत्रलाई समेटेर २०४८ साल चैत्रमा व्यास नगरपालिकाको नामाकरण गरी घोषणा गरिएको यस नगरपालिकामा नेपाल सरकार मन्त्री परिषद्को २०७१ मार्ग १६ को निर्णयद्वारा पोखरीभन्ज्याङ गा.वि.स. गाभिएको छ । यो नगरपालिका काठमाण्डौंदेखि १५० कि.मी. पश्चिम तथा पोखराबाट ५० कि.मी. पूर्व पृथ्वी राजमार्गमा अवस्थित रहेको छ ।

**भौगोलिक अवस्थिति**

| | |
|---|---|
| समुन्द्र सतहदेखि उचाई | : २८० मिटर देखि ११२० मिटरसम्म |
| क्षेत्रफल | : ८६ वर्ग कि.मि. |

**नगरपालिका सिमाना**

| | |
|---|---|
| पूर्व | : केशवटार, घाँसीकुवा र वरभन्ज्याङ गा.वि.स., |
| पश्चिम | : जामुने, मनपाङ र स्याम्घा गा.वि.स. |
| उत्तर | : क्यामिन र तनहुँसुर गा.वि.स. |
| दक्षिण | : काहुँशिवपुर गा.वि.स. |

**राजनैतिक एवं प्रशासनिक विभाजन**

| | |
|---|---|
| प्रदेश नं. | : ४ |
| विकास क्षेत्र | : पश्चिमाञ्चल |
| अंचल | : गण्डकी |
| जिल्ला | : तनहुँ |
| सदरमुकाम | : दमौली |
| जम्मा वडा | : १४ |
| टोल संख्या | : १६८ |

| | |
|---|---|
| **हावापानी** | : समसितोष्ण/उष्ण |
| औषत वर्षा | : १९६०.६ मी.मी. |
| औषत तापक्रम | : न्यूनतम ८.४० से. र अधिकतम ३७.०० से. |
| प्रमुख नदीहरु | : मादी र सेती नदी, साँगे, बुल्दी, छाब्दी खोला |

**दीर्घकालीन सोच** : "विविधतायुक्त शहर, समुन्त एवं सम्बृद्ध व्यास नगर"

**जनसंख्या विवरण** : पुरुष १२२३०, महिला १२०२९ कुल २४२५९ (वि.सं.२०५३न.पा. सर्भेक्षणा)

: पुरुष १३४४९, महिला १४७९६ कुल २८२४५ (राष्ट्रिय जनगणना २०५८)

: पुरुष १७८६८, महिला १७४10 कुल ३५२७८ (२०६७ न.पा. सर्भेक्षण)

: पुरुष २११९१, महिला २५६८६ कुल ४६८७७ (राष्ट्रिय जनगणना २०६८)

बार्षिक जनसंख्या बृद्धिदर : ५.१९ प्रतिशत

जनघनत्व : ५४५.०० प्रति वर्ग कि.मी.

नगरपालिकाको जनसंख्या विवरण (राष्ट्रिय जनगणना २०६८ अनुसार)

| वडा नं. | घर परिवार संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | २४६० | ४९९० | ३९४२ | ८९३२ |
| २ | २०७८ | ३८९४ | ३५२५ | ७४१९ |
| ३ | ५८७ | १२८६ | ९७२ | २२५८ |
| ४ | ४५१ | ९५० | ६६४ | १६१४ |
| ५ | ९३४ | २१८७ | १७४८ | ३९३५ |
| ६ | ५७२ | १३४३ | ९८७ | २३३० |
| ७ | ५१३ | ११५० | ९७२ | २१२२ |
| ८ | ५२८ | ११२३ | ९८८ | २१११ |
| ९ | ४७८ | ११८२ | ९५५ | २१३७ |
| १० | १०६० | २०८४ | १८९८ | ३९८२ |
| ११ | १६६० | ३३३४ | २७२५ | ६०५९ |
| १२ | ४५२ | १०४५ | ८७९ | १९२४ |
| १३ | ३१३ | ६८६ | ५९१ | १२७७ |
| १४ | २१४ | ४३२ | ३४५ | ७७७ |
| जम्मा | १२३०० | २५६८६ | २११९१ | ४६८७७ |

**जातिगत जनसंख्या विवरण**

| सि.नं. | जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ९२९३ | १९.८२ |
| २ | ब्राम्हण | ७५६५ | १६.१४ |
| ३ | क्षेत्री | ६१३२ | १३.०८ |
| ४ | नेवार | ४०७४ | ८.६९ |
| ५ | कामी | ३५२४ | ७.५२ |
| ६ | गुरुङ | ३४४४ | ७.३५ |
| ७ | दरै | ३२७३ | ६.९८ |
| ८ | सार्की | १७७४ | ३.७८ |
| ९ | दमै | १५६५ | ३.३४ |
| १० | ठकुरी | १०७२ | २.२९ |
| ११ | मुस्लिम | ८६८ | १.८५ |
| १२ | कुमाल | ८६१ | १.८४ |
| १३ | बोटे | ६५२ | १.३९ |
| १४ | अन्य | २७८० | ५.९३ |

**भू-उपयोगको स्थिति**

| विवरण | क्षेत्रफल वर्ग | प्रतिशत |
|---|---|---|
| कृषि | ४४.६६ | ५१.९३ |
| वनजंगल | ३०.५६ | ३५.५३ |
| बस्ती | ३.५२ | ४.०९ |
| झाडी | २.३९ | २.३९ |
| बगर क्षेत्र | २.५४ | २.७८ |
| जल क्षेत्र | १.१५ | २.९५ |
| घाँसे मैदान | १.१८ | १.३४ |
| जम्मा | ८६.०० | १०० |

**स्वीकृत कर्मचारी दरबन्दी संख्याः ७० (पदपूर्ति ६८ जना)**

**शैक्षिक स्थितिः**

| क.स | विद्यालय विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पूर्व प्राथमिक विद्यालय | ४३ | बाल विकास केन्द्र |
| २ | प्राथमिक विद्यालय | ३१ | १८ सरकारी |
| ३ | निम्न माध्यमिक विद्यालय | १७ | ८ सरकारी |
| ४ | माध्यामिक विद्यालय | १७ | ५ सरकारी |
| ५ | उच्च माध्यमिक विद्यालय | १० | ७ सरकारी |
| ६ | क्याम्पस | १ | १ पब्लिक |
| ७ | तालिम केन्द्र | २ | १ सरकारी |
| | जम्मा | १२१ | |

**साक्षरता प्रतिशत** : ९६.००

**स्वस्थ्य सेवाः** हस्पिटल/आर्यूवेद औषधालयः २ सरकारी, ५ निजी र १४ क्लिनिक

**धार्मिक एवं पर्यटकीय स्थल**

-छाब्दी बराह (दमौलीबाट करीब ७ कि.मी.पूर्व)
-घुटुक्दी वराह
-निर्वु वराह
-शहिद कालिका जंगल पार्क
-अनन्त गुफा
-गणेशमान पार्क
-शान्ति बालउद्यान पार्क
-चम्रे ओडार
-व्यास गुफा
-पराशर गुफा
-शिवपाञ्चायन मन्दिर
-मानहुँकोट
-पानीको फोहरा
-भानुघाँसी स्मारक पार्क

**संचार सेवा**

टेलिफोन : २३६८ लाइन र सबै वडामा मोवाइल टिप्ने

**आयव्ययको अवस्थाः**

| आ.व.२०४९।०५० (स्थापना वर्ष) | | | आ.व.२०७२।०७३ | | |
|---|---|---|---|---|---|
| आयन्तरिक आय | कुल आय | कुल व्यय | आयन्तरिक आय | कुल आय | कुल व्यय |
| २४,३३,११५।१५ | ५४,९५,६९४।१० | ४२,१८,८४७।९५ | ४,३३,५९,८६९।९३ | २०,९७,२५,१८५।५० | १७,१४,२२,४५३।१० |

क) आ.व.०७२।७३ मा गरिएका महत्वपूर्ण उपलब्धिहरु

१. वातावरणमैत्री कार्यक्रम

हाल विश्वमा वातावरण अनुकुलता र प्रदूषणका कारण दिनानुदिन वातावरणमा परिवर्तन भई मानवका स्वास्थ्य स्थितिमा असर पर्दै आएको सन्दर्भमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० तयार गरी लागु गर्ने सन्दर्भमा नेपालका विभिन्न नगरपालिकाहरु मध्ये आ.व.०७२।७३ बाट यस नगरपालिकामा पनि वातावरणमैत्री स्थानीय शासन कार्यक्रम लागू गरी उक्त प्रारुपले निर्दिष्ट गरेका आधारभूत सूचकहरुलाई मध्यनजर गर्दै वडा नं.१३ र १२ लाई नेपाल कै क्रमशः प्रथम र दोस्रो वातावरणमैत्री वडा घोषणा गर्न सफल भएको छ । उक्त घोषणा कार्यक्रमको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तत्कालीन राज्यमन्त्री कुन्तीकुमारी शाहीज्यू र मन्त्रालय कै सहसचिव श्री गोपीकृष्ण खनालज्यूबाट घोषणा गरिएको थियो ।




वडा नं.१३ लाई वातावरणमैत्री घोषणा सभा




वडा नं.१२ लाई वातावरणमैत्री घोषणा सभा

२. पूर्ण सरसफाई कार्यक्रम

नेपाल सरकारले सन् २०२० सम्म नेपालमा पूर्ण सरसफाई भएको घोषणा गर्ने नीति भए अनुरुप यस नगरपालिकाले पनि विभिन्न वडाहरुमा सरसफाई सम्बन्धी कार्यक्रम लागु गर्ने सन्दर्भमा आधारभूत सूचकहरु पुरा गरी वडा नं.१४ लाई पूर्ण सरसफाई घोषणा गर्न सफल भएको छ । उक्त घोषणा कार्यक्रमको माननीय सांसद ध्रुव वाग्लेज्यूबाट गरिएको थियो ।



पूर्ण सरसफाई घोषणा सभा

३. स्यानिटरी ल्याण्डफिल साइट कार्यक्रम

नेपालमा सरसफाई सम्बन्धी विभिन्न गतिविधिहरु संचालन गर्दै आइरहेका नगरपालिकाहरुलाई फोहरको दीगो व्यवस्थापन गर्न समस्या पर्न आइरहेको सन्दर्भमा यस नगरपालिकाले पनि आफ्नो स्थापना कालदेखि नगरका मुख्य बजार क्षेत्रका वडा नं.२, १० र ११ बाट फोहर संकलन गरी मादीनदीको किनारामा विसर्जन गर्दै आइरहेको सन्दर्भमा नगरमा वस्ती विकास तथा शहरीकरण विस्तार हुने क्रममा उक्त वडाका अतिरिक्त वडा नं.१, ७ र ८ का केही क्षेत्रहरुमा पनि फोहरको व्यवस्थापन गर्दै आइरहेको छ । जसका कारण फोहरको संकलन गर्ने मात्रा दिनानुदिन बृद्धि हुन गई हाल विसर्जन गर्दै आइरहेको स्थानमा वातावरणीय दृष्टिकोणबाट समेत उक्त स्थान फोहर विसर्जनका लागि उपयुक्त नभएकोले नगरपालिकाले विभिन्न वैकल्पिक ल्याण्डफिल साइट खोजी गर्ने क्रममा वडा नं. ८ टेकनथुम्की सामुदायिक वन क्षेत्र र वडा नं.५ को कमलामाई सामुदायिक वन क्षेत्र मध्ये वडा नं.८ को टेकनथुम्की सामुदायिक वन क्षेत्रको प्रारम्भिक रुपमा IEE गर्न वडावासी, वन समिति र जिल्ला वन कार्यालयबाट समेत अनुमति प्राप्त गरी उक्त कार्य गर्न मन्त्रालयबाट कार्यक्रम स्वीकृत भई कार्यारम्भ भएको छ ।



४. बसपार्क संचालन कार्यक्रम

नेपालमा हाल गठन भएका २१७ नगरपालिकाहरु मध्ये जिल्लाको सदरमुकाममा रहेको यस नगरपालिका पृथ्वी राजमार्गको बीच भागमा पर्ने नगरपालिका हो । शहरीकरणको विस्तारसंगै जनसंख्याको बृद्धिका कारण यातायातका सवारी साधनहरु पनि दिनानुदिन बृद्धि हुंदै गएको सन्दर्भमा एक सफल, सक्षम र आत्म निर्भर नगर हुनको लागि बसपार्क पनि एक अत्यावस्यक भौतिक पूर्वाधार मध्येमा पर्न आउदछ । यस नगरपालिकालाई केन्द्रमानी काठमाण्डौ पोखराका अलवा अन्य छिमेकी गा.वि.स.हरुमा अत्यधिक मात्रामा सवारी साधनहरु ओहरदोहर गर्ने भएको हुंदा सवारी दुर्घटना र शहरी सौन्दर्यका लागि बसपार्कको अत्यावस्यक भएको सन्दर्भमा बसपार्क निर्माणका लागि विभिन्न स्थानहरुको खोजी गर्ने कममा व्यास १ करंकाठमा रहेको करिब १५ रोपनी जग्गा उपयुक्त देखि बिगत ५ वर्षदेखि उक्त स्थानमा गुरु योजना तयार गरी सो अनुरुप बसपार्क निर्माणको कार्य थालनी गर्दै आइरहेको सन्दर्भमा हालसम्म मन्त्रालयको जगेडा कोष र नगरपालिकाको आन्तरिक श्रोतबाट कुल रु.२,०७,१८,५४७ (दुई करोड सात लाख अठार हजार पांच सय सतचालिस मात्र) खर्च भएकोले आ.व.०७३।७४ बाट सरोकारवालाको समेत सहमति र सहकार्यमा प्रारम्भिक रुपमा बस पार्किङ गर्ने कार्यको थालनी गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्री माननीय हितराज पाण्डेज्यूबाट २०७३ कार्तिक १० गते शुभारम्भ गरिन लागिएको छ ।



पहिले



अहिले

५. सार्वजनिक जग्गा संरक्षण

नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुलाई नगरपालिकाले संरक्षण गर्नुपर्ने दायित्व भए अनुसार प्रथम चरणमा व्यास १ करंकाठमा करिब १५ रोपनी जग्गा संरक्षण गरी

सो स्थानमा बसपार्क निर्माण गरिएको र दोस्रो चरणमा व्यास १० स्थित मादीनदी भतेरीमा रहेको करिब २०० रोपनी सार्वजनिक जग्गा तारवार गरी संरक्षण गरिएको छ ।

६. अन्य कार्यहरु:

ख) नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा सौर्य सडक बत्ती जडान एवं कालोपत्रे निर्माण

ग) व्यास नगरपालिकाको आर्थिक तथा जिल्ला स्वास्थ्य कार्यालय तनहुँको प्राविधिक सहयोगमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कार्यरत प्रसुती रोग विशेषज्ञ महिला डाक्टर र भरतपुर चितवनबाट अन्य प्राविधिकहरुको सहयोगमा महिलाहरुको पाठेघर समस्या सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको, जसबाट ६५७ जना लाभान्वित भएका र उक्त लाभावन्ति मध्ये १३ जनालाई पाठेघरको क्यान्सर देखा परेको हुँदा निजहरुको उपचारका लागि भरतपुर क्यान्सर अस्पतालमा उपचार गराउने पहल गरिएको

घ) प्लाष्टिकको झोलाको विकल्पका रुपमा कागज र कपडाको झोला बुनाई तालिम संचालन

ङ) वातावरण स्वच्छ राख्न व्यापक रुपमा बृक्षारोपण गरिएको

च) नगर यातायात गुरु योजना निर्माण गर्न सफल

छ) भूकम्प प्रतिरोधी घर निर्माणका लागि निर्माणकर्मीलाई तालिम प्रदान गरी सूचिकृत गर्ने कार्यलाई निरन्तरता

ज) E-biding को शुरुवात गरिएको

झ) व्यास १० सिद्धार्थ टोलमा मिनी पार्क निर्माण गरिएको

ञ) प्रत्येक हप्ताको शुक्रवार जनचेतना जगाउने उद्देश्यले कर्मचारीहरुद्वारा सरसफाई अभियान संचालन ।

<u>ख) आ.व.०७३।७४ को प्रथम चौमासिकसम्म गरिएका र गर्ने कार्यक्रमहरु</u>

१. वडा नं.१, ४, ६ र ९ नं. वडाहरु आगामी दिपावली पछि लगत्तै वातावरणमैत्री वडा घोषणाको तयारी अवस्थामा रहेको

२. नगर विकास कोषको ऋण सहयोगमा नगरपालिकाको बहुउद्देश्यीय सहितको कार्यालय भवन निर्माण कार्यका लागि निर्माणकर्मी संग सम्झौता भई निर्माण कार्यको थालनीको अवस्थामा रहेको

३. वडा नं.१० स्थित देउरालीनगर (बिसघरे) मा सार्वजनिक जग्गा संरक्षणको लागि सूचना प्रकाशन गरी सकिएको र कुनै व्यक्ति वा संस्थाले सो समयावधिमा हक दावी गर्न नआएको हुंदा उक्त जग्गा संरक्षण गरी पशु वधस्थल निर्माण गर्ने कार्यको थालनी गर्न लागिएको

४. कार्यालय परिशरमा व्यासको मूर्ति स्थानान्तरण गरी पार्क निर्माण गर्ने

५. वडा नं.१ लगायत अन्य वडामा गरी वृक्षारोपण कार्यमा करिब २५०० वटा विरुवा रोपिएको

६. २ वटा सार्वजनिक शौचालय निर्माण कार्यको थालनी

७. नेपाल सरकार पर्यटन विभागद्वारा यस नगरपालिकामा ७ दिने होमस्टे सम्बन्धी तालिम संचालन

८. E-biding द्वारा कार्यालय परिशर भित्र शौचालय निर्माणका लागि टेण्डर आब्हान

यस नगरपालिकाले विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य बैंक मार्फत गरेको छ । त्यस्तै यस नगरलाई खुल्ला दिसामुक्त नगर, पूर्ण साक्षर नगर र पूर्ण खोप युक्त नगरका रुपमा घोषणा अभियानहरु पुरा गरिसकेको छ भने यसैवर्ष वातावरणमैत्री नगर घोषणा गर्ने

अभियानमा जुटेको छ । त्यस्तै आगामी वर्ष सम्ममा यस नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने तयारी गरिरहेको छ । यसका अतिरिक्त नगरपालिका स्थापनापूर्व यस न.पा.मा बाटो, विजुली, खानेपानी, टेलिफोन जस्ता भौतिक पूर्वाधारहरु केवल सदरमुकाम दमौलीमा मात्र सिमित थियो भने न.पा. स्थापना पश्चात् उक्त भौतिक सुविधाहरु विस्तारै न.पा. को ग्रामिण क्षेत्रमा पनि विस्तार गर्न नगरपालिका सफल भएको छ । यातायातको क्षेत्रमा मुख्य रुपमा पिच रोड ३५.८८ कि.मी., ग्राभेल बाटो ५४.५२ कि.मी., कच्ची बाटो १७०.८४ कि.मी., मुल ढल ८५७ मी. र शाखा ढल १६३३० मी. रहेको छ भने फड्के पुल, स्टिल पुल, कल्भर्ट निर्माण आदि कार्यहरु गरेको छ । शिक्षा क्षेत्रमा सार्वजनिक विद्यालयहरुको नयाँ भवन निर्माण, कोठा थप, छाना मर्मत, फर्निचर निर्माण आदि कार्यहरु गर्दै आएको छ । खानेपानी तर्फ दमौली खानेपानी आयोजना उपभोक्ता संस्थालाई हस्तान्तरण गरी साना शहरी खानेपानी आयोजना मार्फत दमौलीमा खानेपानी विस्तार गर्ने कार्य तिब्र गतिमा अगाडि बढिरहेको छ भने अन्य मझौला तथा साना खानेपानी आयोजनाहरु निर्माण एवं मर्मत गर्दै आएको छ । विजुली बत्ती करीब ९८ प्रतिशत आपूर्ति भइसकेको छ । त्यस्तै सरसफाईका क्षेत्रमा दैनिक ८.५ टन फोहरमैला उठाई व्यवस्थापन गर्ने कार्य गरिएको छ ।

यस नगरपालिकाले हालसम्म आफ्नो आम्दानीमा पनि बृद्धि गर्दै लगेको यथार्थता हालसम्मको आम्दानी तथ्यांकले देखाउँदछ । शुरुका वर्षमा (०४९।५०) कुल आफ्नै श्रोतको आम्दानी २४ लाखबाट बढाएर ४ करोड ३३ लाखको हाराहारीमा पुर्‍याउन सफल भएको छ । आम्दानीको मुख्य श्रोतहरुमा एकिकृत सम्पत्ति कर, प्राकृतिक साधन उपयोग कर, पसल कवल भाडा, नक्शापास दस्तुर, व्यवसाय कर आदि रहेको छ ।

यस नगरपालिकाका मुख्य मुख्य समस्याहरु

१. भवन मापदण्ड २०७२ लागू गर्न कठिनाई
२. फोहरमैला व्यवस्थापनमा कठिनाई
३. दमकल संचालनमा कठिनाई
४. जनप्रतिनिधि नहुँदा कार्य सम्पादनमा कठिनाई
५. व्यवस्थित बसपार्क एवं रंगशालाको अभाव
६. जग्गा पूनर्नापी गर्ने कार्य हालसम्म गर्न नसकिएको
७. सडक बत्तीको महशुल तिर्न नसकिएको
८. हाट बजार संचालनका लागि जग्गा अभाव

अन्तमा स्थानीय स्वायत्त निकायको रुपमा कार्यरत यस नगरपालिकाले नगरवासीहरुमा आफ्ना सेवाहरु सर्वसुलभ र छिटोछरितो रुपमा उपलब्ध गराउनुका साथै स्वच्छ र सफा खानेपानीको सुविधा उपलब्ध गराउने, प्रत्येक वडाहरुबाट दमौली बजार आउन जान यातायात

चल्न सक्ने किसिमले कच्ची सडकहरुलाई क्रमश ग्राभेल निर्माण एवं नाला निर्माण गर्ने, महिला, जनजाति तथा पिछडिएका वर्ग र समुदायहरुमा सामाजिक सेवा उपलब्ध गराउन पूर्वाधारहरुको स्थापनामा सहयोग गर्ने, उन्नत कृषि प्रणाली, सामुदायिक वन उपभोक्ता समितिलाई क्रियाशील पार्ने तथा सो सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमहरु संचालन गर्ने गराउने, बृक्षारोपण गर्ने गराउने तथा वातावरणीय सन्तुलन कायम राख्ने कार्यमा सहयोग पुर्‍याउने, सुव्यवस्थित बसोबासको व्यवस्था तथा शहरी क्षेत्रमा सरसफाईका लागि स्यानिटरी ल्याण्डफिल साइट, पशुवधशाला, व्यवस्थित बसपार्क तथा रंगशाला, सडक कालोपेत्र तथा ढल निकासको कार्यक्रमलाई प्राथमिकता दिने र चरणबद्ध रुपमा शहरी पूर्वाधार श्रृजना गर्दै जाने, महिला तथा पिछडिएका जनजातिमा स्वरोजगारको अवस्था श्रृजना गर्न विभिन्न सिपमूलक तालिमको माध्यमबाट सहयोग उपलब्ध गराउने, प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरहरुको संरक्षण र सम्बर्द्धनका साथै कृषि, उद्योग र पर्यटकीय क्षेत्रको महत्वलाई उजागर गर्ने लक्ष्य लिई आफ्नो श्रोत र साधनले भ्याएसम्म अविरल गतिमा अगाडि बढिरहेको यस नगरपालिकालाई नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति, भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल, नगर विकास कोष, टोल विकास संस्था, वडा नागरिक मंच आदि सरकारी तथा गैरसरकारी संस्थाहरुले सहयोग गरी अहंम भूमिका खेलिरहेकाछन् ।